सुदूरपश्चिम विश्वविद्यालय

# कृषि विज्ञान संकाय

## डीनको कार्यालय, टीकापुर, कैलाली

**कृषि स्नातक तह (B.Sc. Ag.) मा अतिरिक्त विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्बन्धि सूचना**

सूचना प्रकाशित मिति: २०८३/०३/२४ गते

सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय कार्यालय प्राज्ञिक परिषदबाट गरिएको निर्णयानुसार संघीय मन्त्रालय, सुदूरपश्चिम प्रदेश लगायत सबै प्रदेशका प्रादेशिक निकाय तथा नेपालभर विद्यमान सबै पालिकाहरूमा कार्यरत कम्तीमा तीन वर्ष स्थायी सेवामा रही कार्य गर्नेको कृषि विषय अध्ययन गरेका कर्मचारीहरूका लागि भर्ना सम्बन्धी विशेष व्यवस्था गरिएकोले मिति २०८३ ०३ २४ गतेदेखि २०८३ ०५ १० गतेसम्म भर्ना हुन इच्छुक कर्मचारी (विद्यार्थीहरु) ले कुल १० सिटका लागि कार्यालय समर्पित कृषि विज्ञान संकायको टीकापुर स्थित नेपाल बैंक लिमिटेडमा रहेको च.हि.नं. १०७००१०६५५३९२५००००01 मा आवेदन शुल्क वापत रु. ४,५०० - (अक्षरेपी चार हजार पाँच सय) जम्मा गरेको सक्कल भौचर एवं आवश्यक कागजात संलग्न गरी निर्धारित आवेदन फाराम भरी कृषि विज्ञान संकाय डीनको कार्यालय टीकापुर कैलालीमा बुझाउनु पर्ने छ । साथै यस कार्यालयको वेबसाइट www.agriculture.fwu.edu.np बाट Online फाराम पनि भर्न सकिनेछ । Online आवेदन फाराम भर्ने विद्यार्थीले बैंक भौचर लगायत आवश्यक पर्ने सम्पूर्ण प्रमाणपत्रहरूको Scan गरी उक्त वेबसाइट मार्फत पठाउनु पर्नेछ । साथै आवेदकले आफु कार्यरत रहेको सम्वन्धित सरकारी निकाय प्रमुखको सिफारिस पत्र पनि पेश गर्नु पर्नेछ । उक्त आवेदन तपसील बमोजिमको कार्यविधिको अधीनमा हुने सर्म्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । Offline फाराम भर्न चाहनु हुने विद्यार्थीहरूले डीन कार्यालयबाट फाराम प्राप्त गर्न सक्नु हुनेछ ।

**भर्ना निर्देशिका**

१. यस कृषि विज्ञान संकायको कृषि स्नातक (BSc.Ag.) मा भर्ना हुनका लागि अन्य नियमित रूपमा भर्ना हुने विद्यार्थी सरहको योग्यता (ISc.Ag., ISc. Pure Science, +2 Science वा सो सरह) भएका र उक्त तहमा कम्तीमा ४५% अङ्क ल्याई उत्तीर्ण भएका वा न्यूनतम C Grade (2 GPA) प्राप्त गरेका कर्मचारीहरूलाई मात्र भर्ना गरिनेछ ।

२. संघीय मन्त्रालयहरू, प्रादेशिक मन्त्रालयहरू र निकायहरू तथा नेपालभर विद्यमान सबै पालिकाहरूमा स्थायी कृषि सेवामा कार्यरत कर्मचारीलाई सर्म्बन्धित कार्यालयको माथिल्लो निकायको सिफारिसमा भर्ना गरिनेछ ।

३. सर्म्वन्धित निकाय वा मन्त्रालयबाट मनोनयन/छनौट भई आएका विद्यार्थीहरूबाट लिने शुल्क सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषदले तोकेबमोजिम हुनेछ । साथै अर्को व्यवस्था नभएसम्म हाललाई उक्त शुल्क संस्था विकास कोष (Institute Development Fund, IDF) को रूपमा एकमुष्ट रु. ३,००,०००/- (तीन लाख) तथा प्रति सेमेस्टर लिने शुल्क अन्य पूर्ण शुल्कको कोटाका विद्यार्थीलाई लाग्ने शुल्क सरह हुनेछ ।

४. सर्म्वन्धित निकाय वा मन्त्रालयबाट भर्नाका लागि सिफारिस भएका विद्यार्थीले आवास सुविधा तथा अन्य खर्चको व्यवस्थापन स्वयम आफैले गर्नुपर्नेछ ।

५. भर्नाका लागि सिफारिस भएका विद्यार्थीहरूको शैक्षिक गुणस्तर र निरन्तरतालाई विशेष ध्यान दिई निजको सेमेस्टर रिपोर्ट सम्बन्धित निकाय वा मन्त्रालयले माग गरेमा उपलब्ध गराइनेछ ।

६. उपयुक्त बुँदाहरूका आधारमा भर्ना गरिने विद्यार्थीको कोटा संख्या १० (दश) जना मात्र रहनेछ । यदि सो भन्दा बढी आवेदन पर्न आएमा अध्ययनको प्राप्ताङ्क तथा अन्तरवार्ताको प्राप्ताङ्कको कुल योगका आधारमा छनोट गरिनेछ ।

७. सम्पूर्ण विद्यार्थीलाई शैक्षिक गुणस्तरका लागि विश्वविद्यालयले तोकेको कार्यादेश अनिवार्य रूपमा लागू हुनेछ ।

थप जानकारीका लागि ९८४९११०४८७, ९८४९६०८३०६, ९८४६२७८१७४, ९८४८२६७४१४ र ०९१-५६०२६५ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**प्रवेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति**